# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७५।०३।०३ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

राष्ट्रिय खेलकुद परिषद अन्तर्गत कैलाली जिल्ला खेलकुद विकास समिति, धनगढी कैलालीमा कार्यरत फुटवल प्रशिक्षक लाल बहादुर खड्काले नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र लिएर लाभ लिने उदेश्यले पेश गरी खेल र खेलाडीको भविश्यप्रति खेलवाड गरेकोले छानविन गरी आवश्यक कारवाही गरिपाउँ भन्ने व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निजले उपर सचिव,माध्यामिक शिक्षा परिषद, उत्तर प्रदेश, भारतबाट हाई स्कुल पास गरेको झुट्टा एवं नक्कली शैक्षिक योग्यताको प्रमाण-पत्र पेश गरी नियुक्ति लिइ सेवामा प्रवेश गरी लाभ समेत लिएको देखिन आएको हुँदा निजको उक्त कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) अनुसारको कसुर भएको देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन,२०१७ को दफा १२ र दफा २९ को उपदफा (२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६ को उपदफा (१) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता